आर्थिक सहायता नीतिमा निर्धारित मापदण्ड पूरा गर्ने, आर्थिक सहायता आवेदन, आर्थिक सहायता नीति, सरल भाषा सारांश, तथा बिल तथा असूली नीतिको अङ्ग्रेजी, स्प्यानिश, तथा अन्य भाषामा उपलब्ध निःशुल्क प्रति निम्न माध्यमबाट पाउन सकिने छः:

- अस्पतालको भर्ना/
  दर्ता विभागमा सम्पर्क गरेर
- 713.338.5502 वा
  1.800.526.2121, विकल्प 5 मा कल गरेर
- इमेल द्वारा आवेदनको अनुरोध गरेर:
  909 Frostwood
  Attention: PBS Financial Assistance
  Houston, TX 77024
- Memorial Hermann Health System बाट
  आवेदन डाउनलोड गरेर
  वेबसाइट: http://www.memorialhermann.org/financialassistanceprogram/

**Memorial Hermann Health System**

तपाईं आर्थिक सहायता, मेडिकेड, मेडिकेयर, वा अन्य कार्यक्रमका लागि योग्य हुनुहुन्छ वा हुनु हुँदैन भनेर जान्न, र आवेदन गर्न निःशुल्क गोपनीय सहायताका लागि सम्पर्क गर्नुहोस्:

**Patient Business Services**
909 Frostwood Dr., Suite 3:100
Houston, TX 77024
Attention: PBS Financial Assistance

फोन: 713.338.5502 वा
1.800.526.2121, विकल्प 5
इमेल: Patient.Billing@memorialhermann.org

शुक्रवार: बिहान 8 बजे - बेलुका 5 बजे
सोमवार - बिहीवार: बिहान 8 बजे - बेलुका 7 बजे

संस्करण मिति: नोभेम्बर 14, 2017

MEMORIAL HERMANN

4411107NEP - Nepali

# बिरामी आर्थिक सहायता सारांश

## सरल भाषा सारांश



जवाफ दिइएको मुख्य प्रश्नहरू:

- कुन कुन सेवाहरू उपलब्ध गराइन्छ?
- मैले सहायताका लागि कसरी आवेदन गर्नु?
- सहायताका लागि को को योग्य हुन्छन्?
- आय सीमा के छ?
- मैले आय सीमा पूरा गर्न सकिन भने के गर्नु?
- मैले आवेदन गर्नलाई आवेदन फाराम कहाँबाट पाउनु?

MEMORIAL HERMANN

# आर्थिक सहायता नीति (FAP)

Memorial Hermann Health System ले योग्य बिरामीहरूका लागि आंशिक वा पूर्णतया छूट प्राप्त आकस्मिक वा चिकित्सकीय-आवश्यक अस्पताल उपचार सेवाका लागि आय, परिवार सदस्य सङ्ख्या तथा सङ्घीय गरिबी स्तरका आधारमा आर्थिक सहायता प्रदान गर्छ। आर्थिक सहायता चाहने बिरामीहरूले कार्यक्रमका लागि आवेदन दिनु पर्छ, जसबारे
यो कागजातमा सारांश दिइएको छ।

## कुन कुन सेवाहरू समेटिन्छ?

आर्थिक सहायता नीति (FAP) द्वारा Memorial Hermann Hospital मा उपलब्ध गराइने आकस्मिक तथा चिकित्सकीय-आवश्यक सेवाहरू समेटिएको हुन्छ।

आर्थिक सहायता नीति (FAP) अन्तर्गत निम्न कुराहरू समावेश हुँदैनः Memorial Hermann Hospital मा तपाईंको उपचार गर्ने तर अस्पतालद्वारा नियुक्त नभएका,
अथवा आफ्ना सेवाहरूका लागि अस्पताल भन्दा अलग बिल गर्ने चिकित्सक तथा अन्य सेवा प्रदायकहरूद्वारा प्रदान गरिएको सौन्दर्य विशेष विधि, सेवाहरू।

## आवेदन कसरी गर्ने

आर्थिक सहायता नीति तथा आवेदन आफैं आएर, इमेल मार्फत, फोन मार्फत र Memorial Hermann वेबसाइटबाट प्राप्त गर्न सकिने छ। आवेदन पूरा भर्नुहोस्, अनुरोध गरेको कागजातहरू संलग्न गरेर अस्पताल भर्ना/दर्ता विभागमा वा यो पुस्तिकाको पछाडि पटि दिइएको ठेगानामा बुझाउनुहोस्।

## आय सीमा

योग्यताको एउटा आधार भनेको तलको तालिका अनुसार आय हो:

| 2018 गरिबी मार्ग-निर्देशिका | |
|---|---|
| परिवार/घरको सदस्य सङ्ख्या | आय प्रति वर्ष |
| 1 | $ 12,140 |
| 2 | $ 16,460 |
| 3 | $ 20,780 |
| 4 | $ 25,100 |
| 5 | $ 29,420 |
| 6 | $ 33,740 |
| 7 | $ 38,060 |
| 8 | $ 42,380 |

8 जना भन्दा बढी सदस्य भएको परिवारहरू/घरहरूका लागि: प्रत्येक अतिरिक्त व्यक्तिका लागि $ 4,320 थप गर्नुहोस्।

## आर्थिक सहायताका लागि को को योग्य हुन्छन्?

आर्थिक सहायता रकम तपाईंको आय, परिवार सदस्य सङ्ख्या तथा सङ्घीय गरिबी स्तरमा भर पर्छ। सङ्घीय गरिबी स्तरको 200% वा सो भन्दा कम पारिवारिक आय हुने बिरामीहरू 100% छूटका लागि योग्य हुन सक्छन्। सङ्घीय गरिबी स्तरको 200% भन्दा बढी पारिवारिक आय हुने बिरामीहरू छूटका लागि योग्य हुन सक्छन्।

नीतिबारे विस्तृत जानकारी हेर्नुहोस्:
**http://www.memorialhermann.org/financial assistanceprogram/**

योग्य बिरामीहरूबाट आकस्मिक वा अन्य चिकित्सकीय-आवश्यक उपचार सेवाका लागि बिमा हुने बिरामीहरूलाई सामान्यतया बिल गरिने रकम (AGB) भन्दा बढी शुल्क लिइँदैन।

परिचयको प्रमाणका लागि निम्न प्रकारका फोटो सहितको परिचयपत्र स्वीकार गरिन्छः

- राज्यले-जारी गरेको सवारी चालक अनुमतिपत्र वा परिचयपत्र
- विद्यार्थी परिचयपत्र
- राहदानी (US वा विदेशको)
- U.S. अध्यागमन कागजात
- विदेश वाणिज्य दूतावासद्वारा जारी गरिएको परिचयपत्र
- क्रेडिट कार्ड (फोटो सहित)